# व्यवसायिक बाख्रापालन तालिम




## निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड
## खलंगा, जाजरकोट

२२-२४ चैत्र २०७८

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड शाखा कार्यालय खलंगा, जाजरकोटले ३० जना ग्राहक सदस्यहरूको सहभागितामा २०७८ चैत्र २२ गतेदेखि २४ गतेसम्म जाजरकोट जिल्लाको भेरी नगरपालिका वडा नं ४ खलंगामा **"व्यवसायिक बाखा पालन तालिम"** सम्पन्न गरेको छ । भेरी नगरपालिका का नगर प्रमुख श्री चन्द्रप्रकाश घर्ति ज्यु को प्रमुख आतिथ्य तथा भेरी नगरपालिका वडा नं ४ का वडा अध्यक्ष श्री खम्बुजंग शाह ज्यू को आतिथ्यमा उक्त कार्यक्रमको उद्घाटन भएको थियो । कार्यक्रमको प्रशिक्षकमा जिल्ला पशु अस्पतालका डा.सुशील ऐरी तथा पशु अधिकृत श्री धन बहादुर वि.के. रहनुभएको थियो ।



कार्यक्रममा प्रमुख अतिथि श्री चन्द्रप्रकाश घर्ति ज्यू ले संस्थाले लघुवित्त सेवाको साथसाथै सदस्यहरूलाई सिप तथा उद्यमशीलता विकाश तालिम दिई व्यवसायी बनाई रोजगारी र आयआर्जनमा बृद्धि गर्न सहयोग पुऱ्याएकोमा खुशि व्यक्त गर्नु भएको थियो । सवैभन्दा जेष्ठ तथा अग्रणी स्थानमा रहेको निर्धन लघुवित्त वित्तिय संस्थाले मात्र भेरी नगरपालिका भित्र आफ्नो कार्यकालमा यस्तो किसिमको व्यवसायिक तालिम संचालन गरेको तर अरु लघुवित्तले अहिले सम्म गरेको कुरा आफ्नो जानकारीमा नआएको बताउनु भयो । विगतका दिनमा पनि यस संस्थाले सफल उद्यमी लाई सम्मान कार्यक्रम राख्दा आफ्नो उपस्थिति रहेको कुरा स्मरण गर्दै आगामी दिनमा पनि यस संस्थाबाट वित्तीय साक्षरता सम्बन्धि कार्यक्रमहरु जाजरकोट जिल्लामा संचालन गरी वित्तीय अनुशासन कायम गराउन यस संस्थाले अग्रणि भुमिका निर्वाह गर्नेछ भन्ने आफुले आशा लिएको कुरा बताउनु भयो ।

भेरी नगरपालिका, वडा नं.४ का वडा अध्यक्ष श्री खम्बुजंग शाहले सानो सानो बचत बाट धेरै बचत गर्न सकिने र वर्तमानमा सानो सानो बचत गर्नाले भविष्यमा सोहि बचतले आफैलाई सजिलो हुने कुरा आफू आवद्ध रहेको सहकारी संस्थाको उदाहरण दिंदै कर्जा मात्र नभई बचत गर्नुको महत्व वारे बताउनु भएको थियो । शाखा प्रमुख श्री गोपाल शर्माले सस्थाले आफ्ना ग्राहक सदस्यहरुलाई स्वसक्षम र आत्मनिर्भर बनाउन तथा ग्रामिण अर्थतन्त्रलाई चलायमान बनाउन निर्धन उत्थान लघुवित्त वित्तीय संस्थाले खेलेको भुमिकाको चर्चा गर्दै देशमा व्याप्त भएको तरलता अभावको अवस्थामा बचत वृद्धि लाई जोड दिनु पर्ने कुरा बताउनु भयो ।



तालिममा बाखापालनको महत्व, स्थानिय तथा उन्नत जातका बाखा र तिनका विशेषताहरु, प्रजनन व्यवस्थापन, नश्ल सुधार, कृत्रिम गर्भाधान, बाखामा लाग्ने केहि रोगहरुको पहिचान, उपचार तथा रोकथाम, बाखाको गोठ र खोरको व्यवस्थापन, बाखाको उमेर र अवस्था अनुसार व्यवस्थापन, बाह्य तथा आन्तरिक परजिविको पहिचान, पशु आहारा र पशुविमा तथा अभिलेखिकरण वारे प्रशिक्षकहरुले सहजिकरण गन भएको थियो ।



तालिमको समापन समारोहमा नेपाल पत्रकार महासंघ, जाजरकोटका अध्यक्ष श्री वाल कुमार शर्माको प्रमुख आतिथ्यता तथा रेडियो हाम्रो पाईलाका स्टेशन म्यानेजर श्री लिला पौडेलको उपस्थितिमा सामाजिक उत्तरदायित्व अन्तर्गत डा. हरिहर देव पन्त छात्रवृत्ती छिप्रेना महिला समाज केन्द्र नं. ३१ की सदस्य श्रीमती विजया पुनको छोरा नरेश पुन लाई रू.६,०००।- सहित प्रमाण पत्र, प्रमुख अतिथि श्री वाल कुमार शर्मा ज्यू ले प्रदान गर्नु भएको थियो ।

साथै प्रमुख प्रशिक्षक डा. सुशील ऐरी बाट तालिममा सहभागीहरु सम्पुर्ण सदस्यहरुलाई प्रमाण पत्र प्रदान गरीएको थियो । सहभागीहरुका तर्फबाट विष्णु चन्द र मेनुका कार्कीले मन्तव्य राख्नुभएको थियो । सहभागीहरूले व्यवसायिक रूपमा बाखापालन गरि आम्दानी वृद्धि गर्न तालिमले हौसला प्रदान गरेको र तालिममा सिकेका विषयहरूलाई व्यवसायमा प्रयोग गरि व्यवस्थित र आधुनिक तरिकाले व्यवसाय सञ्चालन गर्ने प्रतिवद्धता जनाएका थिए ।

***